आज मिति २०८०।०२।०८ गते सोमबारका दिन बिहान १०:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को २१ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति: बालकृष्ण पौडेल  मुद्दा नं. ४ मा म वडा नं ४ को वडा अध्यक्ष श्री लोक बहादुर फगामी असहमत छु।

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी
गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८०।०२।०८ गते

समय : विहान १०:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्विकृत मिति : २०८०।०२।०१ गते

**छलफलका एजेण्डाहरु:**

प्रस्ताव नं. १ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,
प्रस्ताव नं. २ तातोपानी कुण्डको डिपिआर सम्बन्धमा,
प्रस्ताव नं. ३ झोलुङ्गे पूल संरक्षण सम्बन्धमा,
प्रस्ताव नं. ४ नवीकरणीय उर्जा कार्यक्रम कार्यान्वयन सम्बन्धमा,
प्रस्ताव नं. ५ रोयल्टी /राजश्व बाँडफाँडको मापदण्ड सम्बन्धमा,
प्रस्ताव नं. ६ आगामी आ.व.को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्दधमा,
प्रस्ताव नं. ७ विविध समसामयिक विषयमा ।

निर्णय नं. १

प्रस्ताव नं १ उपर छलफल गर्दा गाउँ कार्यपालिकाबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयनको अवस्था निम्नानुसार समीक्षा गरियो।

क) पूर्ववत रुपमा भएका निर्णयहरु मध्ये अधिकांश निर्णयहरु कार्यान्वयनमा रहेको पाईयो ।

ख) कालीगण्डकी नदीको धार परिवर्तनको निर्णयको प्रगतीको अवस्थाको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा अनुरोध गरी पठाइएको छ। यसका सम्बन्धमा बेनी-जोमसोम सडकको आयोजना कार्यालय र ठेकेदारसंग अन्तरक्रिया गर्ने ।

निर्णय नं. २

प्रस्ताव नं. २ उपर छलफल गर्दा तातोपानी कुण्डको परिमार्जित डिपिआर स्वीकृत गर्ने र परिमार्जन गर्न लागेको रकम भुक्तानी गर्ने । साथै तातोपानी कुण्डमा पूर्वाधार निर्माणको लागि संघीय सरकारबाट प्राप्त समपुरक अनुदानलाई बहुबर्षीय रुपमा कायम गरी आगामी आ व मा समेत उपलब्ध हुने व्यवस्था गरीदिन राष्ट्रिय योजना आयोगलाई अनुरोध गर्ने ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा हाल विद्यमान झोलुङ्गे पूल संरक्षण गर्न सम्बन्धित वडा कार्यालयले पूल संरक्षक (हेरालो) नियुक्त गरी सो को विवरण गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउने। वर्तमानमा रहेका झोलुङ्गे पूलहरुको विवरण र भविष्यमा आवश्यक पर्ने झोलुङ्गे पूलहरुको विवरण सबै वडाहरुले १ हप्ताभित्र उपलब्ध गराउने ।

निर्णय नं ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा नवीकरणीय उर्जा कार्यक्रम कार्यन्वयन गर्न सशर्त अनुदान स्वरुप प्राप्त रु ८०००००/-मध्ये करिब रु ४,००,०००/- को सुधारिएको चुल्हो र करिब रु ४,००,०००/- को सोलारबत्ती खरिद गरी वितरण गर्ने ।

निर्णय नं. ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा रोयल्टी/राजश्व बाँडफाँट सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

**रोयल्टीको बाँडफाँट**

१) विद्युतबाट प्राप्त हुने रोयल्टी मध्ये रोयल्टी आम्दानी गर्ने स्रोत भएको वडालाई सम्बन्धित स्रोतबाट प्राप्त हुने रोयल्टीको २५ % बराबरको थप आयोजना तथा कार्यक्रमहरु दिने ।

२) विंद्युतबाट प्राप्त हुने रोयल्टी मध्येबाट रोयल्टी आम्दानी गर्ने स्रोत बाट प्रभावित हुने नजिकका वडाहरुलाई सम्बन्धित स्रोतबाट प्राप्त हुने रोयल्टीको २५ % बराबरको थप आयोजना तथा कार्यक्रमहरु दिने ।यसरी योजना बनाउदा सव स्टेशन रहने वडालाई १० % र अन्य वडाहरुलाई २.५% को अनुपातमा बनाउने ।

३) विद्युतबाट प्राप्त हुने समग्र रोयल्टी आम्दानीको ५०% रकम गाउँपालिका स्तरमा रहने ।

४) प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्दा सम्बन्धित वडामा उत्पादन भएको विद्युत मेगावाट अनुसार आनुपातिक बाँडफाँट गर्ने।

५) वनजंगल, पर्वतारोहण, खानीखनिजबाट प्राप्त हुने रोयल्टी एकमुष्ट रुपमा पालिकास्तरमा रहने

६) पालिकास्तरमा रहने रोयल्टीको आयोजना बनाउँदा ठुला, दिर्घकालीन महत्वका र प्रतिफल प्राप्त हुने गौरवका आयोजना बनाउने ।

७) बजेट तथा कार्यक्रम तर्जुमा समितिले बुदा नं १ र २ अनुसार पेश भएका आयोजना तथा कार्यक्रमहरु तोकिएको क्षेत्रमा बजेट प्रस्ताव भए/नभएको यकिन गर्नुपर्ने र तोकिएको क्षेत्रभन्दा बाहिरका भए परिवर्तन गर्न सक्ने ।

**राजश्वको बाँडफाँट**

८) आन्तरिक आय ठेक्का गरी राजश्व प्राप्त हुने स्रोत भएको वडाहरुमा संकलन हुने राजश्वको ३३% रकम बराबरका थप आयोजना तथा कार्यक्रम दिने र बाँकी ६७% गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रम बनाउने

**निर्णय नं. ६**

प्रस्ताव नं ६ उपर छलफल गर्दा आगामी आ.व.को बजेट तथा कार्यक्रम तर्जुमा गर्नका लागि सबै विषयगत समिति शाखाहरु र वडा कार्यालयले असार २ गतेभित्र प्राथमिकताका आधारमा न्यूनतम आयोजना तथा कार्यक्रमहरु पेश गर्ने।

**निर्णय नं. ७:**

विविध प्रस्ताव उपर छलफल गर्दा देहायको निर्णय गरियो ।

१) अन्नपूर्ण गाँउपालिका वडा न. ६ बस्ने शिव खड्काले वडा न. ६ मा दिएको निवेदन र वडा कार्यालयबाट गाउँपालिका कार्यालयमा दिएको सिफारिस अनुसार गाईपालन व्यवसाय विस्तारको लागि रु ६०,०००।— ( अक्षेरुपी रु साठी हजार मात्र ) आर्थिक सहयोग प्रदान गर्ने ।

२) अन्नपूर्ण गाउँपालिका वडा न. ३ दाना डाँडागाउँ निवासी हिम बहादुर वि.क.को भैसी गोठमा आगो लागि पशु चौपाया तथा गोठमा रहेको बस्ने खाने सामान समेत जलेको प्रहरी मुचुल्का

र वडा कार्यालयको सिफारिस अनुसार निजलाई रु १५,०००।– ( अक्षेरुपी रु पन्ध्र हजार मात्र ) आर्थिक सहयोग प्रदान गर्ने ।

३) वडा न. १ दोवा कार्यालयबाट वडा न.१ दोवामा निर्माणार्थ अन्नपूर्ण आधारभूत अस्पतालको निर्माणको लागि निशुल्क जग्गा दाताहरुको नामावली ताम्रपत्रमा उल्लेख गर्नका लागि लाग्ने रु २,८८,०००।– ( अक्षेरुपी दुई लाख अठासी हजार मात्र) भैपरी आउने पुजीगत खर्चबाट शीर्षक कायम गरी भुक्तानी दिने ।

४) वडा कार्यालयहरुमा रहेका मोटरसाइकलहरु : ध १ ग २२३, ध १ ब ११८, ध १ ब ११९, ध १ ब १६०, ध १ ब १०८ र स्कूटर : ध १ ब २४०को मर्मत खर्च क्रमश : रु ६२६०५।६३, रु ६५७००, रु ६६७५०।, रु ६७६४५।३२, रु ६७०५०। र रु १७,८५०।भुक्तानी गर्ने निर्णय गरियो ।

५) अन्नपूर्ण गाउँपालिकाको १ देखि ८ नं वडा कार्यालयहरुबाट विभिन्न मितिमा आएको सिफारिस पत्र र जिल्ला प्रशासन कार्यालय बेनीको च.न. २४८६, मिति २०८०।०१।०७ गतेको सिफारिस अनुसार यस गाउँपालिकामा मिति २०७९।१२।२२ देखि २०८०।०१।०१ गते सञ्चालित राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियानको क्रमको लागेको खर्च रु ३०९२४५ (अक्षेरुपी तीन लाख नौ हजार दुई सय पैतालिस मात्र) विविध खर्चबाट शीर्षक कायम गरी भुक्तानी गर्ने ।

६) वडा नं ५ मा अवस्थित श्री शारदा आ वि मा बालविकास केन्द्र स्थापना गर्न अनुमति दिने।